# बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९

बीमा ऐन, २०४९ को दफा ८(घ२) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले देहायका निर्देशनहरू जारी गरिएको छ ।

## परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी निर्देशनको नाम "बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९" रहेको छ ।

(२) यो निर्देशन तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशनमा,

(क) **ऐन** भन्नाले बीमा ऐन, २०४९ सम्झनुपर्छ ।

(ख) **नियमावली** भन्नाले बीमा नियमावली, २०४९ सम्झनुपर्छ ।

(ग) **बीमा समिति** भन्नाले ऐनको दफा ३ बमोजिम गठित बीमा समिति सम्झनुपर्छ ।

(घ) **बीमक** भन्नाले ऐनको दफा १० बमोजिम बीमक दर्ता प्रमाणपत्र प्राप्त संगठित संस्था सम्झनुपर्छ ।

(ङ) **पशुपन्छी बीमा** भन्नाले पशुपन्छीको बीमाको बिषयवस्तु सम्झनुपर्छ ।

(च) **बीमित** भन्नाले बीमालेखमा नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको बाली तथा पशुपन्छीधनको स्वामित्व भएको बाली तथा पशुपन्छी धनी वा संस्था भन्ने सम्झनुपर्छ ।

(छ) **बीमित पशुधन** भन्नाले यस बीमालेखको पशु विवरण तालिकामा नाम र विवरण उल्लेख भएको दुध, मासु, ब्रिडिङ, पशुश्रम, ऊन आदिको लागि पालिने पशु सम्झनुपर्छ ।

(ज) **बीमित पन्छी** भन्नाले यस बीमालेखको पन्छी विवरण तालिकामा नाम र विवरण उल्लेख भएको मासु, चल्ला पार्ने र अण्डा पार्ने प्रयोजनको लागि पालिने पन्छीहरु सम्झनुपर्छ ।

(ज) **बीमित बाली** भन्नाले निजि तथा ब्यवसायिक प्रयोजनको लागि खेती गरिएको बाली सम्झनुपर्छ ।

(झ) **बैङ्क** भन्नाले प्रचलित बैङ्क तथा वित्तीय कानून बमोजिम सम्बन्धित निकायबाट वित्तीय कारोबार गर्न निर्देशन बमोजिम इजाजत प्राप्त संस्था संझनु पर्दछ । यस परिभाषाले वित्तीय कम्पनी, लघु वित्त कम्पनी तथा पशुपन्छीधन खरीदको लागि कर्जा दिने अन्य संस्था (सरकारी, सहकारी र गैर सरकारी संस्था आदि,) तथा ग्रामीण क्षेत्रमा सञ्चालित विभिन्न योजना समेतलाई सम्झनुपर्छ ।

(ञ) **सदस्य संस्था** भन्नाले दुध, मासु, ब्रिडिङ, पशुश्रम, ऊन, पन्छी आदि जस्ता कार्यसँग सम्बन्धित पशुपन्छी धनीहरुको सहकारी संस्था संझनु पर्दछ । यसले अन्य प्रकारका सहकारी संस्था, सहकारी समूह, सामुदायिक समूह, महिला स्वाबलम्बन समूह, आमा समूह, कृषक समूह आदि जस्ता समूह समेतलाई सम्झनुपर्छ ।

(ट) **बीमाङ्क रकम** भन्नाले

- बाली बीमाको हकमा बाली लगाउदा देखि बाली पाक्दासम्म लाग्ने लागत मूल्यलाई बीमाङ्क रकम सम्झनुपर्छ

- पशुपन्छी बीमाको हकमा बीमित पशुधनी/पन्छीधनी/सम्बन्धित सदस्य संस्था/ बैङक तथा बीमकबाट मान्यता प्राप्त पशुपन्छी सेवा प्राविधिकले संयुक्त रूपमा भरी बीमाको प्रस्तावको साथमा पेस भएको पशुपन्छीधनको मूल्य निर्धारण फारममा उल्लेख गरिएको रकम सम्झनुपर्छ ।

(ठ) **लागत मूल्य** भन्नाले बाली लगाउँदा देखि बाली पाक्दासम्म लाग्ने खर्च सम्झनु पर्छ । यस्तो लागत मूल्य नेपाल सरकार कृषि मन्त्रालय मार्फत उपलब्ध गराईएको तथ्याङ्कको आधारमा कायम गरिनेछ ।

(ड) **प्राविधिक व्यक्ति** भन्नाले :

- बाली बीमाको हकमा कृषि सेवा केन्द्र, उपकेन्द्र वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि बिषयमा आधारभूत ज्ञान हासिल गरी सम्बन्धित निकायबाट सो सम्बन्धमा कार्य गर्ने इजाजत प्राप्त व्यक्ति सम्झनु पर्दछ ।
- पशुपन्छी बीमाको हकमा पशु सेवा केन्द्र, उपकेन्द्रका प्राविधिक वा भेटेरीनरी जे.टि.,जेटिए वा ग्रामीण पशुपन्छी स्वास्थ्य कार्यकर्ता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशुपन्छी चिकित्सा/पशुपन्छी विज्ञान विषयमा ज्ञान हासिल गरी सम्बन्धित निकायबाट सो सम्बन्धमा कार्य गर्ने इजाजत प्राप्त व्यक्ति सम्झनु पर्दछ ।

(ढ) **पशुपन्छी धन स्वास्थ्य परीक्षण** भन्नाले बीमाको लागि प्रस्तावित पशुपन्छीधनको प्राविधिकबाट तन्दुरुस्त र निरोगी छ छैन, कुनै सरुवा, सङकामक, परजीवी वा अन्य रोग लागेको छ/छैन भनी तथा उमेर निर्धारण गर्नको लाीग गरिने स्वास्थ्य परीक्षण गर्ने कार्य सम्झनुपर्छ ।

(ण) **बालीको गुणस्तर परीक्षण** भन्नाले बीमाको लागि प्रस्तावित बालीको प्राविधिकबाट बालीको बिऊ एवम् बिरुवाको गुणस्तर बीमा योग्य छ/छैन भनी निर्धारण गर्नका लागि गरिने परीक्षण गर्ने कार्य सम्झनुपर्छ ।

(त) **सङ्केत पट्टा** भन्नाले बीमा गरिएको पशुधनलाई पहिचान गर्ने उद्देश्यले प्राविधिकले लगाई दिने पहिचान खुल्ने सङकेत (ट्याग/माइक्रो चिप्स, आदि) सम्झनुपर्छ ।

(थ) **बीमा अवधि** भन्नाले यस बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने बढीमा एक (१) बर्ष सम्मको अवधि संझनु पर्दछ । बीमकले नवीकरण गर्न स्वीकृति गरी सोको लागि लाग्ने बीमाशुल्क समेत बीमकलाई प्राप्त भएको अवस्थामा नवीकरण भएको अवधिलाई पनि बीमा अवधि सम्झनुपर्छ ।

(द) **बाली क्षति प्रमाणपत्र** भन्नाले तोकिएको सम्बन्धित सदस्य संस्था र प्राविधिकले बीमित बालीको हानी-नोक्सानी भएको भनी प्रमाणित गरी दिएको प्रमाणपत्रलाई सम्झनुपर्छ ।

(ध) **पशुपन्छीधन मृत्यु प्रमाणपत्र** भन्नाले सम्बन्धित पशुपन्छी प्राविधिकले बीमित पशुपन्छीधनको मृत्यु भएको भनी प्रमाणित गरी दिएको प्रमाण पत्रलाई सम्झनुपर्छ ।

(न) **दुर्घटना** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र साङ्घातिक माध्यमबाट हुने आकस्मिक घटनालाई सम्झनुपर्छ ।

(प) **पूर्ण स्थायी असक्तता** भन्नाले जुन प्रयोजनको लागि पालन गरिएको हो सो प्रयोजनको लागि दुर्घटना वा रोगको कारणबाट उल्लिखित प्रयोजन पूर्ण रूपमा पूर्ति नहुने अवस्था सम्झनुपर्छ ।

(फ) **लापरवाहि** भन्नाले :

- बाली बीमाको हकमा बाली लगाईसकेपछि समय समयमा बालीलाई दिनुपर्ने मलजल नदिएको, गोडमेल नगरेको, बालीलाई लाग्ने विभिन्न प्रकारका रोगहरुको निदानका लागि समय मै प्रयास नगरेको ,बालीको उचित ब्यवस्थापन नगरेको अवस्थालाई सम्झनुपदर्छ ।

- पशुपन्छी बीमाको हकमा पशुपन्छीधनलाई बिभिन्न रोगहरु बिरुद्ध समयमै प्रतिरोधात्मक खोपहरु नलगाएको, सावधानी नअपनाएको, बिरामी अवस्थामा उपचार नगराएको,आवश्यक दाना पानी नखुवाएको वा जानाजानी बिषाक्त पदार्थ खुवाएको अवस्थालाई सम्झनुपर्छ ।

## परिच्छेद -२

## बाली तथा पशुपन्छी बीमा व्यवसाय सम्बन्धी व्यवस्था

३. **बाली तथा पशुपन्छी बीमा व्यवसाय** : (१) यो निर्देशन प्रारम्भ भए पश्चात प्रत्येक बीमकले सम्बन्धित क्षेत्र लक्षित गरी सो बीमा व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(२) बीमकले प्रचलित बीमा ऐन, ऐन अन्तर्गत बनेको नियमावली, विनियम तथा समितिले तोकिदिएको शर्त, बीमाशुल्क तथा समय-समयमा दिएको निर्देशनको अधीनमा रही देहायका बाली तथा पशुपन्छी बीमा व्यावसाय गर्नु पर्नेछ :-

(क) बाली बीमा व्यवसाय,
(ख) पशु बीमा व्यवसाय,
(ग) पन्छी बीमा व्यवसाय र
(घ) समितिले तोकिदिएको अन्य बाली तथा पशुपन्छीसँग सम्बन्धित बीमा व्यवसाय ।

(३) उपनिर्देशन (२) बमोजिम निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले बाली तथा पशुपन्छी बीमा व्यवसाय गर्नु पर्नेछ ।

४. **अन्य बीमा सञ्चालन गर्न सक्ने** : (१) निर्देशन ३ मा उल्लिखित बीमा बाहेक बीमकले बीमा व्यवसाय अर्न्तगत अन्य कुनै बीमा सञ्चालन गर्न चाहेमा त्यस्तो बीमाको प्रकार, लक्षित क्षेत्र, वर्ग वा पेशा, व्यवसाय आदिको विवरण तथा त्यस्तो बीमाको जोखिम धारण हुने गरी बीमा योजना (स्किम) संलग्न गरी स्वीकृतीको लागि समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनिर्देशन (१) बमोजिम परेको निवेदन छानबिन गर्दा त्यस्तो बीमा सञ्चालन गर्न उपयुक्त हुने देखिएमा समितिले आवश्यक शर्त समेत तोकी त्यस्तो बीमा व्यवसाय गर्न स्वीकृति दिन सक्नेछ ।

(३) यस निर्देशन बमोजिम जारी हुने बीमालेखको शर्त तथा सुविधाहरु समितिले तोकीदिए बमोजिम हुनेछ ।

५. **बाली तथा पशुपन्छी बीमा सम्बन्धी काम गर्ने बीमा अभिकर्ता** : (१) बीमकले बाली तथा पशुपन्छी बीमा अभिकर्ता प्रचलित कानून बमोजिमको व्यक्ति, संगठित संस्था, समूह आदिलाई बीमा अभिकर्ताको रुपमा कार्य गराउन सक्नेछ । तर एउटै सस्था, समूह आदिले बीमा अभिकर्ता कमिशन र संस्थागत छुट मध्ये कुनै एक सुविधा मात्र भुक्तानी गर्नु पर्नेछ ।

(२) समूह/सदस्य संस्था मार्फत बीमा भएमा कुल बीमाशुल्कमा पन्ध्र (१५) प्रतिशत छुट दिइनेछ ।

(३) बाली तथा पशुपन्छी बीमा सम्बन्धी काम गर्ने बीमा अभिकर्ताको काम, कर्तव्य, अधिकार, आचार संहिता तथा अन्य व्यवस्था समितिले तोकिदिए बमोजिम हुनेछ ।

६. **बाली तथा पशुपन्छी बीमा सम्बन्धी काम गर्ने बीमा अभिकर्ताको काम, कर्त्तव्य :** बीमा ऐन, बीमा नियमावली, निर्देशन तथा समितिले समय-समयमा दिएको आदेश समेतको अधिनमा रही बाली तथा पशुपन्छी बीमा सम्बन्धी काम गर्ने बीमा अभिकर्ताको काम, कर्त्तव्य देहाय बमोजिम हुनेछ :-

(क) बीमा व्यवसायका आधारभूत सिद्धान्त तथा व्यवसायको अन्तर्गत रही बीमकको तर्फबाट बाली तथा पशुपन्छी बीमा सम्बन्धी कार्य गराउने,

(ख) बीमकले तयार गरेका बाली तथा पशुपन्छी बीमा योजना सम्बन्धमा बीमितलाई बीमकको तर्फबाट यथार्थ तथा विस्तृत जानकारी गराई बाली तथा पशुपन्छी बीमा गर्न आवश्यक प्रस्ताव फाराम भराउने कार्यमा सहयोग गर्ने,

(ग) नवीकरण बीमाशुल्क लिई बाली तथा पशुपन्छी बीमा सम्बन्धी बीमालेख नवीकरण गराइदिने,

(घ) बीमितलाई बाली तथा पशुपन्छी बीमालेख उपलब्ध गराउने र

(ङ) बाली तथा पशुपन्छी बीमा सम्बन्धमा समितिले तोकिदिएका अन्य कार्य गर्ने ।

७. **कमिशन पाउने :** बीमकले बाली तथा पशुपन्छी बीमा सम्बन्धी कार्य गरेबापत अभिकर्तालाई समितिले तोकिदिए बमोजिम कमिशन दिनुपर्नेछ ।

८. **बीमक जिम्मेवार हुने** : (१) बीमकको सञ्चालक, कुनै कर्मचारी, बाली तथा पशुपन्छी बीमा सम्बन्धी कार्य गर्ने बीमा अभिकर्ताले बाली तथा पशुपन्छी बीमा बीमालेख लिनेको हकहित विरुद्ध कुनै काम गरी नोक्सान पुऱ्याएमा त्यसको जिम्मेवारी बीमकले लिनु पर्नेछ ।

९. **बाली तथा पशुपन्छी बीमालेख सम्बन्धी व्यवस्था** : (१) बीमकले बाली तथा पशुपन्छी बीमा व्यावसाय सञ्चालन गर्दा बीमाशुल्क प्राप्त गरे पश्चात मात्र बीमालेख जारी गर्नु पर्नेछ ।

(२) बीमा ऐन, २०४९ बमोजिम बीमाशुल्कको भुक्तानी नगरी बीमालेख लागू नहुने हुनाले बीमाशुल्कको तत्काल भुक्तानी गर्नु बीमित तथा सम्बन्धित सदस्य संस्थाको दायित्व हुनेछ ।

(३) बाली तथा पशुपन्छी बीमालेखको ढाँचा तथा अन्य व्यवस्था समितिले तोकिदिए बमोजिम हुनेछ ।

१०. **आधारभूत तालिम दिनुपर्ने :** बीमकले आफ्नो बाली तथा पशुपन्छी बीमामा कार्य गर्ने कर्मचारी तथा आफुले नियुक्त गरेका बाली तथा पशुपन्छी बीमा सम्बन्धी कार्य गर्ने बीमा अभिकर्तालाई काममा लगाउनु पूर्व बाली तथा पशुपन्छी बीमा सञ्चालन, व्यवस्थापन, वितरण तथा दावी भुक्तानी प्रकृया सम्बन्धमा आधारभुत तालिम दिनु पर्नेछ ।

## परिच्छेद -३
## दावी भुक्तानी

११. **दाबी भुक्तानी :** (१) बीमकले आफु समक्ष परेका बाली तथा पशुपन्छी बीमा दाबीको तत्काल छानबिन गरी तीस (३०) दिन भित्र दाबी भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपनिर्देशन (१) बमोजिम दाबी भुक्तानी गर्दा आफुले तोकेको बाली तथा पशुपन्छी बीमाको दाबी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि सात (७) दिन भित्र छानबिन गराई दायित्व यकिन गरी भुक्तानी गर्नुपर्ने भएमा बीमितलाई भुक्तानी गर्नु पर्नेछ ।

(३) उपनिर्देशन (२) बमोजिम बीमकले दाबी भुक्तानी गर्दा घट्ना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जून कम हुन्छ सो बराबरको रकम मात्र दाबी भुक्तानी गर्नु पर्नेछ ।

(४) उपनिर्देशन (३) बमोजिमको कागजात, विवरण तथा सिफारिस बमोजिम दाबी भुक्तानी गर्न नपर्ने भएमा स्पष्ट आधार र कारण खुलाई बीमितलाई लिखित जानकारी दिनुपर्नेछ ।

(५) बाली तथा पशुपन्छी बीमालेख अन्तर्गत कुनै हानिनोक्सानी भएमा त्यस्तो हानीनोक्सानीको निरिक्षण ( सर्भे) गर्ने र बीमालेखको आधारमा क्षतीको मूल्याङ्कन गर्ने कार्य सम्बन्धित बाली तथा पशुपन्छी विशेषज्ञ वा प्राविधिक व्यक्ति द्धारा गराउनु पर्नेछ ।

* (६) दाबी भुक्तानी सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा बीमा नियमावली, २०४९ को नियम ३३ वमोजिम बीमा समितिमा **६० दिन भित्र** उजुरी गर्न सक्नेछ ।

## परिच्छेद -४

## सुरक्षण हुने बालीको क्षेत्रफल र लागत

**१२. बालीको लागत** :-बालीको बीमा गर्दा बाली लगाउदा देखि बाली पाक्दा सम्म लाग्ने लागत मूल्य कृषि मन्त्रालय मार्फत उपलब्ध गराएको आधारभूत लागत विवरण वमोजिम हुनेछ ।

**१३. न्यूनतम क्षेत्रफल** :- प्रत्येक कृषकले सुरक्षण गर्न पाउने बालीको न्यूनतम क्षेत्रफल पहाडमा आठ आना ( आधा रोपनी) र तराईमा एक कट्ठा हुनु पर्नेछ । सो भन्दा कम क्षेत्रफलमा लगाईएको बालीका लागि बीमालेख जारी गरिने छैन ।

## परिच्छेद -५

## सुरक्षण हुने पशुपन्छी धनको अधिकतम बीमाङ्कको सिमा र उमेर

**१४. अधिकतम बीमाङ्क** :- बैंक वा वित्तीय संस्थाबाट ऋण लिई खरीद गरेको, आफ्नै गोठमा हुर्केको वा आफ्नै लगानीबाट खरीद गरेको पशुपन्छीधनहरुको स्थानिय मूल्यको आधारमा बीमाङ्क रकम देहाय बमोजिम हुनेछ :

---

* मिति २०७३।०४।०१ मा परिमार्जन गरिएको

*क) गाई, भैंसी, नाक/चौरी, प्रजननको लागि पालिएको राँगो/साँढे तथा ढुवानी वा जोत्नको लागि पालिएको गोरु/राँगो को मूल्य तिनीहरुको उमेर, स्थानीय बजार मूल्य, स्वास्थ्य अवस्था, प्रविधिकको राय, बीमक र बीमितको आपसी सहमतीको आधारमा तोकिनेछ ।

ख) मासुको लागि पालिएका भेडा बाख्रा तथा बंगुरको आदिका पाठाहरुको मुल्य तिनीहरुको उमेर, स्थानीय बजार मूल्य, स्वास्थ्य अवस्था, प्रविधिकको राय, बीमक र बीमितको आपसी सहमतीको आधारमा तोकिनेछ ।

ग) पाठा पाठी उत्पादनका लागि पालिने माउको मूल्य तिनीहरुको उमेर, स्थानीय बजार मूल्य, स्वास्थ्य अवस्था, प्रविधिकको राय, बीमक र बीमितको आपसी सहमतीको आधारमा तोकिनेछ ।

घ) मासु, चल्ला तथा अण्डाको लागि पालिने हाँस वा कुखुराको मूल्य (बीमाङ्क) देहाय बमोजिम निर्धारण हुनेछ :

बीमाङ्क :

प्रति पन्छीको बीमाङ्क रकम स्थानिय वजारमा प्रचलित चल्लाको खरिद मूल्य र दाना प्रति के. जी.खरिद मूल्यको आधारमा देहायको समिकरणको योगफलको आधारमा कायम गरिनेछ :

प्रति पन्छीको बीमाङ्क रु. = दाना खर्च X निर्धारित गुणांक + चल्लाको मूल्य

चल्लाको मूल्य : एक दिनको स्थानिय वास्तबिक मूल्य

दाना खर्च : एक दिनको प्रति के. जी. स्थानिय वास्तबिक मूल्य

निर्धारित गुणांक : कुखुरा (ब्रोईलर) - ४.७५

कुखुरा(लेयर्स/प्यारेन्ट) र हाँस - १०.२

**१५. उमेर :** पशुधनको बीमायोग्य उमेर (न्यूनतम र अधिकतम) देहाय बमोजिम हुनेछ :-

क) स्थानीय तथा उन्नत जातको गाई २ बर्ष (अथवा पहिलो वेत भएको) देखि १० वर्षसम्म

ख) भैसी ३ बर्ष (अथवा पहिलो वेत भएको) देखि १२ वर्षसम्म

ग) स्थानीय तथा उन्नत नश्लको बाच्छी-कोरेली वा पाडीको ६ महिनादेखि २ वर्षसम्म

घ) प्रजननको लागि उन्नत नश्लको साँढे वा राँगाको ३ वर्षदेखि ७ वर्षसम्म

ङ) ढुवानी वा जोत्नको लागि गोरु वा राँगा ३ वर्षदेखि १२ वर्षसम्म

च) भेडा, बाख्रा र बंगुर ३ महिनादेखि विक्रीका लागि तयार हुन्जेलसम्म ।

* मिति २०७३।०४।०१ मा परिमार्जन गरिएको

स्पष्टिकरण :- बाली तथा पशुपन्छीको बीमाङ्कको हकमा प्रत्येक बर्ष तथ्याङ्क हेरी आवश्यक पुनरावलोकन गर्न सकिनेछ तथा यस निर्देशनमा समावेश नभएका बाली, पशुपन्छी तथा अन्यको बीमाङ्कको हकमा सम्बन्धित मन्त्रालय मार्फत उपलब्ध भएको तथ्याङ्कलाई आधार मानी निर्धारण गर्न सकिनेछ ।

१) पशुपन्छीको मूल्य, जात र पालिने क्षेत्र अनुसार फरक फरक हुन सक्नेछ ।

२) पशुपन्छीको मूल्याङ्कन गर्दा प्रस्तावित पशुपन्छीको उमेर, स्वास्थ्य स्थिति र उत्पादकत्वको आधारमा गर्नु पर्नेछ ।

३) तर यसरी निर्धारण गरिने मूल्य स्थानीय बजारमा चलेको मूल्य भन्दा बढी हुने छैन् ।

४) बीमा गरिएको बाली तथा पशुपन्छीको बीमा अवधि भित्र क्षति भएमा क्षतिको मूल्याङ्कन सम्वन्धित बिशेषज्ञ/प्राविधिकबाट गराउनु पर्नेछ ।

## परिच्छेद - ६

## विविध

***१६. <u>सरकारी मान्यता प्राप्त बीउ बिजन</u> : नेपाल सरकारबाट मान्यता प्राप्त बीउ बिजनका जात प्रयोग गरि खेती गरिएको अवस्थामा मात्र बीमा हुने प्रावधान थप राख्नुपर्ने । तर स्थानिय बीउ बीजन तथा तरकारीको हकमा यो प्रावधान लागू नहुने ।**

**१७. <u>विवरण पठाउनु पर्ने</u>** : (१) बीमकले आफूले जारी गरेको बाली तथा पशुपन्छी बीमा सम्बन्धी बीमालेख, त्यस्तो बीमालेखले सिर्जना गरेको दायित्व तथा जोखिम तथा तोकिदिए बमोजिमका अन्य सूचनाहरु सहित अनुसुची-१ बमोजिमको ढाँचामा प्रत्येक त्रैमासिक समाप्त भएको मितिले पन्ध्र (१५) दिन भित्र नियमित रुपमा बीमा समितिमा विवरण पठाउनु पर्नेछ ।

(२) समितिले आवश्यक ठानेमा कुनै बीमकबाट बाली तथा पशुपन्छी बीमा सम्बन्धी बीमालेख बमोजिमको दायित्वका सम्बन्धमा आवश्यक सूचना, कागजात तथा विवरण माग गर्न सक्नेछ ।

(३) उपनिर्देशन (२) बमोजिम माग गरेमा त्यस्तो सूचना, कागजात तथा विवरण उपलब्ध गराउनु सम्बन्धित बीमकको कर्त्तव्य हुनेछ ।

**१८. <u>अनुगमन गर्ने</u> :(बीमा समिति)**

---

* मिति २०७३।०४।०१ मा परिमार्जन गरिएको

(१) बीमकले बाली तथा पशुपन्छी बीमामा सम्बन्धी बीमालेख बमोजिमको दायित्व भुक्तान गरेको सम्बन्धमा समितिले आवश्यकता अनुसार आफैं वा कुनै विशेषज्ञ मार्फत अनुगमन गर्नेछ ।

(२) उपनिर्देशन (१) बमोजिम अनुगमन गर्दा बीमकले बिमितलाई हानी-नोक्सानी हुने गरी दाबी भुक्तानी गरेको पाइएमा त्यस्तो बीमकलाई समितिले आवश्यक कारवाही गर्न सक्नेछ ।

*१९. <u>अनुगमन गर्ने</u> :(बीमक)
**बीमा कम्पनी वा निजको प्रतिनिधिले निरीक्षण गर्दा बीमालेखमा उल्लेख भए बमोजिम वा तोकिए बमोजिमको शर्त अनुसार वस्तुभाउ/बालीको उचित स्याहार सम्भार नगरेको अवस्थामा बीमिकले बीमित लाई सात (७) दिनकोसूचना दिई बीमालेख रद्द गर्न सक्ने । तर सोको प्रमाण राखी १५ दिन भित्र बीमा समितिमा जानकारी गराउनुपर्ने छ ।**

***२०. <u>प्राविधिकको मूल्यांकन/सिफारिस</u> : प्राविधिकले बीमा गरिने बस्तुको बीमाङ्क मूल्यांकन गर्ने क्रममा वा बीमा दाबीको सिफारिस गर्दा झुट्ठा विवरण दिएको प्रमाणित भएमा निजलाई बीमाको कार्य गर्नबाट रोक लगाउने र सोको जानकारी सम्बन्धित मन्त्रालय तथा बीमा कम्पनीलाई दिने ।**

**२१. <u>निर्देशन बमोजिम हुने</u> :** बीमा नियमावलीमा उल्लेख भएको विषयमा सोहि नियमावली बमोजिम र अन्यको हकमा यस निर्देशन बमोजिम हुनेछ ।

**२२. <u>निर्देशन दिन सक्ने</u> :** (१) समितिले बाली तथा पशुपन्छी बीमाको दाबी भुक्तानीका सम्बन्धमा बीमकलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) यस निर्देशन पालना गर्नु बीमकको कर्त्तव्य हुनेछ ।

**२३. <u>ब्याख्या गर्ने अधिकार</u>** : यो निर्देशनको ब्याख्या गर्ने अधिकार बीमा समितिलाई हुनेछ ।

**२४. <u>बाधा अड्काउ र फुकाऊ</u>** : (१) यस निर्देशन अनुसार कुनै बाधा अड्चन आइपरेमा बीमा समितिले बाधा अड्काऊ फुकाउ गर्न सक्नेछ ।

(२) यस निर्देशनमा उल्लेख भएका बिषय यसै निर्देशन बमोजिम र उल्लेख नभएका बिषय प्रचलित कानून बमोजिम हुनेछ ।

**बाली तथा पशुपन्छी बीमाको बीमाशुल्क र कमिशन सम्बन्धी व्यवस्था**

| **क.सं.** | **बाली तथा पशुपन्छी बीमाको किसिम** | **बीमा शुल्क** | **कमिशन** |
|---|---|---|---|
| १. | बाली बीमा | बीमाङ्कको ५ प्रतिशत | बीमाशुल्कको १५ प्रतिशत |

* मिति २०७३।०४।०१ मा परिमार्जन गरिएको

| | | | |
|---|---|---|---|
| | | (प्रति बाली) | |
| २. | पशु बीमा | बीमाङ्कको ५ प्रतिशत (प्रति बर्ष) | बीमाशुल्कको १५ प्रतिशत |
| ३. | ▪पन्छी बीमा | बीमाङ्कको ५ प्रतिशत बार्षिक | बीमाशुल्कको १५ प्रतिशत |
| | | बीमाङ्कको १.२५ प्रतिशत प्रति समूह (व्याच) | |
| ४. | माछा बीमा | बीमाङ्क रकमको दुई (२) प्रतिशत | बीमाशुल्कको १५ प्रतिशत |

▪ बीमाशुल्क गणना गर्दा एक बर्ष भन्दा कम समयमा उत्पादन पुरा हुने पन्छीको हकमा प्रति समूह (ब्याच) र एक बर्ष वा सो भन्दा बढी समयमा उत्पादन पुरा हुने पन्छीको हकमा प्रति बर्षका दरले बीमाशुल्क गणना गर्नुपर्नेछ ।

स्पष्टिकरण :- बाली तथा पशुपन्छीको बीमाशुल्क आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ  तथा यस निर्देशनमा समावेश नभएका बाली, पशुपन्छी तथा अन्यको बीमाशुल्क समेत यसै निर्देशनको अधिनमा रहि तोक्न सकिनेछ ।

## अनुसुची-१

(निर्देशन १६ संग सम्बन्धित)

बीमकको नाम :
ठेगाना :
बीमाको किसिम :

| क्र.सं. | बीमितको नाम | ठेगाना | | बीमालेख नं. | बीमाङ्क रकम | बीमाशुल्क (क) | दाबी भुक्तानी रकम (ख) | बचत (क-ख) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | न. पा./ गा.बि.स. | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |